प.सं. एसआरबिएल/सि.यस./एजिएम१/२०७८/७९

मिति : २०७८/०८/१९

श्री नेपाल स्टक एक्स्चेन्ज लि.,
सिंहदरबार प्लाजा,
काठमाडौं ।

महोदय,

**विषय : वार्षिक साधारण सभा बस्ने जानकरी सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस बैंकको संचालक समितिको मिति २०७८ मंसीर १६ गते बसेको ३८४औं बैठकको निर्णय अनुसार बैंकको चौधौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा संलग्न बमोजिमका बिषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा जानकारीका लागि अनुरोध गर्दछु ।

साथै साधारण सभा प्रयोजनका लागि यस मिति २०७८ पौष ४ गते एक दिन बैंकको शेयर दाखिल खारेज (बुक क्लोज) रहने व्यहोरा समेत निर्णयानुसार सविनय अनरोध छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति : २०७८ पौष १५ गते बिहिवार (३० डिसेम्बर, २०२१) ।**
**समय : बिहान १०.३० बजे ।**
**स्थान : आम्रपालि बैंड्क्वेट, बालुवाटार, काठमाण्डौं ।**

(कोभिड-१९ को महामारीको जोखिमका कारण शेयरधनीहरुलाई साधारण सभामा उपस्थितिका लागि अनलाईन (भर्चुअल) प्रविधि मार्फत सहभागी हुन सक्ने गरी व्यवस्था गरिएको छ । नेपाल सरकार वा सम्बन्धित निकायले सभा हुने दिन भौतिक उपस्थिति सिमित गर्न निर्देशन दिएमा सोहि बमोजिम गरिने वा साधारण सभा पूर्ण भर्चुअल गर्न सकिनेछ ।)

**छलफलका विषयहरु :**

क. **सामान्य प्रस्ताव :**

१. अध्यक्षज्यूको मन्तव्य सहतिको आर्थिक वर्ष २०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७७/०७८ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
३. यस बैंक तथा बैंकको सहायक कम्पनी सन्राइज क्यापिटल लिमिटेडको आ.व. २०७७/०७८ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिश अनुसार आर्थिक वर्ष २०७८/०७९ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने । (वर्तमान लेखापरीक्षक चार्टर्ड एकाउण्टेण्ट श्री गोपाल प्रसाद राजबाहक (जी.पी. राजबाहक एण्ड कम्पनी) पुन: नियुक्तिको लागि योग्य हुनुहुन्छ) ।

५. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ०.३५% दरले हुन आउने रकम रु. ३,३२,०७,८०५/७५ (अक्षरेपी तीन करोड बत्तीस लाख सात हजार आठ सय पाँच रुपैयाँ र पैसा पचहत्तर मात्र) (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि) वितरण गर्न स्वीकृत गर्ने ।

**ख. विशेष प्रस्ताव**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको ६.६५% का दरले हुन आउने रकम रु.६३,०९,४८,३०९/२१ (अक्षरेपी त्रिसट्ठी करोड नौ लाख अड्चालीस हजार तीन सय नौ रुपैयाँ र पैसा एक्काईस मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।

२. बैंकको अधिकृत, जारी तथा चुक्ता पूँजीलाई निम्नानुसार बृद्धि गरी प्रबन्ध पत्र/नियमावलीमा संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

(क) हालको अधिकृत पूँजी रु. १०,००,००,००,०००/- (अक्षरेपी दश अर्ब रुपैयाँ मात्र) लाई बृद्धि गरी रु. १५,००,००,००,०००/- (अक्षरेपी पन्ध्र अर्ब रुपैयाँ मात्र) पुऱ्याउने ।

(ख) बोनस शेयर वितरणबाट बैंकको हालको जारी तथा चुक्ता पूँजी रु.९,४८,७९,४४,४९९/३९ (अक्षरेपी नौ अर्ब अड्चालीस करोड उनानअस्सी लाख चौवालीस हजार चार सय उनान्सय रुपैयाँ र पैसा उनान्चालीस मात्र) लाई बृद्धि गरी रु.१०,११,८८,९२,८०८.६० (अक्षरेपी दश अर्ब एघार करोड अठासी लाख बयानब्बे हजार आठ सय आठ रुपैयाँ र पैसा साठी मात्र) पुऱ्याउने ।

३. नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अध्यक्ष तथा संचालकले संचालक समितिको वैठकमा उपस्थित भए वापतको भत्ता तथा संचालक समितिका सदस्यहरुका लागि भारत बाहेकका मुलुकमा भ्रमण गर्दा प्रदान गरिने दैनिक भ्रमण भत्ता तथा मोबाईल/टेलिफोन/पत्रपत्रिका खर्च वापत मासिक रकम बृद्धि गर्न नियमावलीको सम्बन्धित नियममा संशोधन गर्न स्वीकृत गर्ने ।

४. सनराइज बैंक लि. र अन्य उपयुक्त बैंक वा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्न गराउन वा उपयुक्त देखिएको अवस्थामा वैदेशिक रणनीतिक साझेदारीमा जानका लागि चल अचल सम्पत्ती तथा दायित्व र कारोबारको मूल्याङ्कन गर्न तथा गाभ्ने वा गाभिने तथा प्राप्ति गर्ने सम्बन्धीको प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो पक्रिया पूरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

५. बैंकको प्रबन्धपत्र/नियमावलीमा पारित गरिएको संशोधन प्रस्तावमा नियमनकारी निकायबाट (जस्तै: कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक आदि) कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

**ग. विविध ।**

भवदीय,

......................

ईश्वरकुमार पाठक
कम्पनी सचिव